# संसदीय समिति भूमिका र अभ्यास



जीवराज बुढाथोकी [*]

**विषय प्रवेशः**

समिति प्रणाली संसदीय अभ्यासको महत्वपूर्ण अंग हो । संसदीय समितिलाई Real Workshop of Parliament, Miniature of Parliament, Representative of Parliament जस्ता नामले समेत चिनिन्छ । स्वभावतः संसदको आधार ठूलो हुन्छ र ठूलो संरचनामा कार्यसम्पादन पनि लामो र झंझटिलो हुन्छ । संसदका कार्यहरू धेरै हुन्छन् । विधायिकाको अधिवेशन पनि आवधिकरूपमा बस्छ तर सरकारका कामकारवाही निरन्तर हुन्छन् । सरकारसँग असीमित शक्ति र कार्यान्वयनको एकलौटी अधिकार हुन्छ । सो उपर निरन्तर निगरानीका लागि संसदीय समितिहरू निरन्तर क्रियाशील रहन्छन् । व्यवस्थापिकामा समितिहरूको व्यवस्थाले संसदमा एकै पटक धेरै कार्यहरू सम्पादन गर्न सकिन्छ । यी कार्यहरू प्रस्तावित विधेयकहरूको विस्तृत समीक्षा, कार्यकारी अंगका गतिविधि उपर निगरानी, नीतिगत मुद्दाहरूको जाँचबुझ तथा प्रतिवेदन र विषेश छानविनहरू पर्दछन् । समितिका काम कारवाही मूल सदनमा लागु हुने औपचारिक कार्यविधि भन्दा सरल रूपमा सम्पन्न हुन्छन् । समितिका सदस्यहरूले विभिन्न मुद्दाहरूमा अनौपचारिक रूपमा छलफल चलाउँन र अन्य दलहरूको प्रतिनिधित्व गर्ने समितिका सहकर्मीहरूसँग सम्बन्ध स्थापित गर्न सक्दछन् । यसले गर्दा सदस्यबीच सहभागिताको भावना पैदा हुन्छ । खुला बैठक सञ्चालन गर्ने समितिहरूले आम नागरिकहरू र संचार माध्यमहरूलाई सहभागी बनाई महत्वपूर्ण सार्वजनिक मुद्दाहरूमा नागरिकहरूलाई प्रशिक्षित गर्न र मूल सदनबाट पछि गरिने निर्णय उपर जनताको समझदारी प्राप्त गर्न र समर्थनको आधार बनाइराख्न बल पुऱ्याउँछन् । संसदीय समितिहरूको स्थापनाका बहुआयामिक कारणमध्ये सम्बद्ध विषयवस्तुमा व्यापक र गहन अध्ययन गरी सदनमा राय सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न, दलीय राजनीतिभन्दा पृथक रहेर कुनै पनि बिषयमा छानविन गर्न, विभिन्न बिषयका विज्ञहरूलाई समेत समितिको बैठकमा प्रवेश गराई जटिलभन्दा जटिल विषयका सम्बन्धमा समेत विचार विर्मश गरी परामर्श लिन, सरकारद्वारा गरिने

[*] प्रदेश सभा सचिव, कर्णाली प्रदेश सभा

दैनिक कामका सम्बन्धमा देखा पर्ने समस्या र तिनको गतिविधिसँग पूर्ण परिचित हुन, कार्यपालिकाको कामलाई विवादित हुन नदिन नियन्त्रणात्मक विधि अबलम्बन गर्न, संसद र जनतावीचको सम्बन्धको कडीको रूपमा कार्य गर्न, सदनको कार्यबोझ तथा लागत कम गराउन र एकै समयमा धेरै कार्य सम्पादन गर्न, मतदानको आधारमा निर्णय गर्नु भन्दा सर्वसम्मत निर्यणको संस्कार विकास गर्न, सबै दलको प्रतिनिधित्व र विषय विज्ञता र विषयबस्तुप्रतिको रुचीलाई प्रोत्साहित गर्न लगायत विविध उद्देश्य र आबश्यकता हुन सक्छन् ।

समितिले के काम गर्दछन् ? कसरी गर्छन ? र यसको प्रभाव र असर कस्तो हुन्छ भन्ने कुरा संसदीय परम्परा र मूल्य मान्यतामा आधारित महत्वपूर्ण जिज्ञासाहरू हुन् । संसदले सामान्यतया तीन वटा कार्यहरू गर्दछ । पहिलो विधि निर्माण, दोस्रो सरकारकारी कामकारवाहीमा नियन्त्रण र निर्देशन र तेस्रो आफ्नो आन्तरिक कामकारवाहीको व्यवस्थापन । संसदको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी ढंगले सम्पादनको लागि संसदले समितिको गठन गर्दछ । अतः संसदले गर्ने कार्य नै समिति मार्फत हुने हुँदा उल्लेखित संसदका कार्यहरू समितिमाझ वितरण हुन्छन् । जस्तो विधि निर्माणको लागि विधायन समिति वा दफावार छलफलको लागि अधिकृत समितिहरू पर्दछन् । यसैगरी सरकारी कामकारवाही नियन्त्रण र निर्देशन गर्ने प्रयोजनको लागि विभिन्न कृषि, बन, स्वास्थ्य, खानी आदि विभागीय समिति र सार्वजनिक लेखा, सार्वजनिक प्रशासन, सार्वजनिक संस्थान, पर्यावरण र वातावरण, सरकारी आश्वासन, प्रत्यायोजित व्यवस्थापन जस्ता गैर विभागीय समिति गठन गरिएको हुन्छ । विभागीय समितिहरूले आफ्नो क्षेत्राधिकार भित्रका निकायहरूलाई नीतिगत विषयहरूमा नियन्त्रण र निर्देशन गर्दछन् भने गैर विभागीय समितिहरूले आफूलाई तोकिएको खास विषयको कार्यान्वयन क्षेत्रमा अवलोकन, संसदीय सुनुवाई, जाँचबुझ, अनुगमन, मूल्याङ्कन गरी निर्देश गर्दछन् । उदाहरणको लागि नेपालको सार्वजनिक लेखा समिति, संयुक्त अधिराज्यको सार्वजनिक प्रशासन समिति, भारतको सार्वजनिक संस्थान समितिलाई लिन सकिन्छ ।

यसैगरी आन्तरिक कामकारवाही व्यवस्थापन समितिलाई हाउस किपिंग कमिटी पनि भन्ने गरिन्छ । यी समितिहरूमा कार्य व्यवस्था परामर्श समिति, निबेदन समिति, संसदको विशेषाधिकार समिति आदिलाई लिन सकिन्छ । यस्तै कतिपय विशेष समितिले समिति गठनको उद्देश्य अनुरूप कानूनको परिधिभित्र रही सभाबाट निर्दिष्ट कार्य तथा अध्ययन र अनुसन्धानात्मक कार्यहरू गर्दछन् । संविधानसभा निर्वाचन २०७० सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सुझाव समिति अस्थायी विशेष समिति हो भने नियमावलीमा उल्लेखित संसदीय सुनुवाई समिति स्थायी विशेष समिति हो ।

समितिले कार्यसम्पादन गर्ने सम्बन्धमा विभिन्न देशमा संविधान, कानून र आफ्नै नियमावलीमा उल्लेख प्रकृया र कार्यविधि अवलम्बन गर्दछन् । यसको अलावा समितिहरूले संसदको अवधिभरका लागि प्रत्येकले आ-आफ्नो कार्य प्रक्रिया र कार्यविधि निर्धारण गरी समितिबाट पारित गर्ने प्रचलन रहेको छ । समितिले कार्य सम्पादन गर्दा आफूलाई तोकिएको विभागीय कार्य वा विषयबस्तु भित्रका जनगुनासा, अनियमितता, विसंगतिवारे उजुरी, प्रमाण र तथ्यहरू संकलन गर्दछन् । जिम्मेवार पक्ष, सरोकारवाला, विज्ञ विशेषज्ञको रायसमेत लिई समितिमा छलफल र निर्णय गरी सम्बधित निकायलाई

अल्पकालिन वा दीर्घकालिन निर्देशन गर्नुको साथै सदनमा प्रतिवेदन पारित गराई सोको कार्यान्वयन गराउँछन् ।

संसदीय समितिले के कस्ता क्षेत्राधिकारको प्रयोग गर्छन् त ? यसतर्फ विचार गर्दा सामान्यतया संसदीय समितिहरूले सार्वजनिक प्रशासनलाई उत्तरदायी, मितव्ययी, पारदर्शी, जनमूखी बनाउँन अनुगमन र सो सम्बन्धी नीति निर्माण गर्दछन् । विधि निर्माणको क्रममा दफावार छलफल र संशोधन सहितको प्रतिबेदन सदनमा पेश गर्दछन् । सरकारका मन्त्रीहरूले समय समयमा सदनलाई दिएका आश्वासन सम्बन्धमा जाँचवुझ गरी सोको प्रतिबेदन सदनमा पेश गर्दछन् । सरकारको शक्ति प्रयोगमा संबैधानिक र कानूनी मान्यताको आधारमा नियन्त्रण र सीमाङ्कन गर्न सक्छन् । सार्वजनिक सम्पत्तिको प्रयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गराउँन सरकारलाई आबश्यक निर्देशन दिन सक्छन् । शासकीय स्वेच्छाचारिता नियन्त्रण र सरकारलाई जिम्मेवार बनाउँछन् । यसै गरी आर्थिक अनुशासन र सुशासन प्रबर्द्धन गर्न, सार्वजनिक सेवाको विशिष्ट जिम्मेवारीमा गरिने नियुक्तिमा राय सिफारिस गर्न, समिति, आयोगका प्रतिवेदनको कार्यान्वयनमा निगरानी गर्न, प्रत्यायोजित व्यवस्थापनमा विधायिकी नियन्त्रण गर्न, संविधान संशोधन तथा नियमावली संधोधनको लागि सिफारिश गर्न, सरकारी राजस्व विनियोजनको बैकल्पिक नीति सिफारिस गर्न, तोकिएका संबैधानिक पदाधिकारीको संसदीय सुनुवाई गरी योग्य व्यक्ति सिफारिस गर्न र संसदको आन्तरिक कामकारवाही व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

**अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन :**

संसदीय समिति प्रणाली अध्ययनको लागि विश्वमा प्रचलित अध्यक्षात्मक, संसदीय र मिश्रित प्रणाली अन्तर्गत रहेर यसको अध्ययन गर्दा बढी स्पष्ट हुन सकिन्छ । अध्यक्षात्मक शासन प्रणाली शक्ति पृथकीकरण र संवैधानिक व्यवस्था अन्तर्गत शासन सत्ता सरकारी अंगहरूबीच व्यवस्थित, नियन्त्रित र सन्तुलित रहने प्रणाली हो । यसमा सरकारका प्रत्येक अंगहरू अर्को अंगबाट नियन्त्रित र सन्तुलित हुन्छन् । संयुक्तराज्य अमेरिका, श्रीलंका, फिलिपिन्स र दक्षिण अमेरिकी मुलुकहरूमा यो प्रणाली विकसित भइरहेको छ । संसदीय प्रणालीमा शक्ति पृथकिकरणको मान्यता अध्यक्षात्मक शासन प्रणाली अनुरूप पूर्णरूपले हुँदैन । यसमा कार्यकारिणी र व्यवस्थापिकाको अन्तरसम्बन्ध र अन्तरनिर्भरता व्यापक रहेको हुन्छ । यसमा व्यवस्थापिका र कार्यकारीको अदृश्य संयुक्त शक्ति निर्माण हुन्छ जहाँ राजनीतिक कार्यकारीले यसको अगुवाई तथा सञ्चालन गर्दछ । संयुक्त अधिराज्य, भारत, जापान तथा एशिया तथा अफ्रिकामा र संयुक्त अधिराज्यको उपनिवेश अन्तर्गत रहेका अन्य राज्यहरूले पनि यो प्रणाली अवलम्वन गरेका छन् । मिश्रित प्रणालीमा जननिर्वाचित राष्ट्रपति र संसदको बहुमत प्राप्त प्रधानमन्त्रीवीच कार्यकारी अधिकारको बाँडफाँट हुने गर्दछ । यसमा यदि निर्वाचित राष्ट्रपतिले संसद र संसदबाट निर्वाचित प्रधानमन्त्रीभन्दा बढी अधिकारको प्रयोग गर्ने अवस्थामा यो अध्यक्षात्मक प्रकृतिको र राष्ट्रपतिको तुलनामा संसद र प्रधानमन्त्री शक्तिशाली रहेको अवस्थामा संसदीय प्रणालीको विशेषता रहन्छ । उदाहरणको रूपमा फ्रान्सलाई अध्यक्षात्मक प्रकृतिको र जर्मनीलाई संसदीय प्रणाली प्रकृतिमा आधारित भनेर उल्लेख गरेको पाइन्छ ।

संसदीय समितिहरूको कार्यक्षेत्र र शक्ति राजनैतिक प्रणाली अनुसार केही भिन्न हुन्छ । माल्कोल्मसा ले संसदीय प्रणालीमाभन्दा अध्यक्षात्मक प्रणालीमा संसदीय समिति बलियो हुने तर्क गर्दछन् । जहाँ शक्ति पृथकीकरण बलियो हुँदैन त्यहाँ बहुमत प्राप्त दलका संसद सदस्यहरूले कार्यकारीको नीतिलाई जाँचवुझ वा आलोचना गर्न रुचाउँदैनन् किनभने सरकारी नीति आफ्नै दलका नेताहरूले निर्माण गरेका हुन्छन् । यसको विपरित जहाँ शक्ति पृथकीकरणको मजवुत व्यवस्था हुन्छ त्यहाँ संसद स्वतन्त्र र शक्तिशाली रहन चाहन्छ । त्यसैले माल्कोल्मसा भन्छन् व्युरोक्रेसीलाई टक्कर दिने बलियो समिति प्रणाली नभएसम्म संसद शक्तिशाली हुन सक्दैन ।

राजनैतिक वातावरणले पनि समितिको कार्यप्रणालीलाई प्रभाव पार्दछ । वोल्डनले संसदीय भूमिका निक्र्योलका लागि चारवटा अवस्थाको उल्लेख गरेका छन् । संसद नभएको वा निलम्वन भएको अवस्था, संसदलाई कार्यकारीले आफ्नो बशमा पारेको अवस्था, कार्यकारीले धेरथोर नियन्त्रणमा राखेको अवस्था र संसद पूर्णरूपमा सार्वभौम रहेको अवस्था । यी अवस्थाहरू विभिन्न निरंकुश र सैनिक शासन लादेका मुलुक, पूर्ण लोकतान्त्रिक मुलुक र संक्रमणकालीन शासन भएको अवस्थामा देखा पर्दछन् ।

**१. संयुक्त राज्य अमेरिकी काँग्रेसमा समिति प्रणाली**

संयुक्तराज्य अमेरिकाको व्यवस्थापिका काँग्रेस हो । दुई सदनीय यस विधायिकाको माथिल्लो सदनलाई सिनेट र तल्लो सदनलाई हाउस अफ रिप्रेजेन्टेटिभस् भनिन्छ । दुबै सदनमा समितिहरू रहेका छन् र कतिपय समितिहरू एकै नामका छन् भने कति फरक नामका पनि छन् । माथिल्लो सदन सिनेटको व्यापक र जटील कार्यलाई सरल र व्यवस्थित ढंगले सम्पादन गर्न सिनेटको कार्यलाई २० समिति, ६८ उपसमिति र ४ संयुक्त समितिमा विभाजन गरिएको छ । समितिलाई Standing Committee, Select Committee / Joint Committee मा बर्गीकरण गरिएको छ । Standing Committee ले सामन्यतया विधायकी क्षेत्राधिकारको प्रयोग गर्दछन् भने Select Committee / Joint Committee ले अनुगमनकारी कार्य र सदनको आन्तरिक कार्य व्यवस्थापनको कार्य गर्दछन् । समिति वा उपसमितिले जब आफ्नो कार्य थालनी गर्दछन् यसले चारवटा प्रक्रिया पूरा गर्नु पर्दछ । पहिलो, सरोकारवाला निकायलाई सो कार्यको वारेमा लिखित प्रतिक्रिया दिन भनिन्छ । दोस्रो, सार्वजनिक सुनुवाई मार्फत समिति वाहिरका विज्ञहरूको विचार तथा अन्य सूचना संकलन गरिन्छ । तेस्रो, विषयबस्तु लाई संशोधन गरी सुधार गरिन्छ । चौथो, संशोधनमा सहमति भएपछि यसलाई छलफलको लागि सिनेटमा पठाइन्छ । सिनेटका २० स्थायी समितिहरू मध्ये कृषि पोषण र वन, विनियोजन, सशस्त्र सेवा, बैंकिंग आवास र सहरी मामिला, बजेट, वाणिज्य विज्ञान र यातायात, उर्जा र प्राकृतिक श्रोत, वातावरण र सार्वजनिक कार्य, वित्त, परराष्ट्र सम्बन्ध, स्वास्थ्य शिक्षा श्रम र निवृत्तिभरण, आन्तरिक सुरक्षा र सरकारी मामिला, इण्डियन मामिला, न्याय, नियम र प्रशासन, लघु व्यापार र व्यवसाय र विशिष्ठ मामिला समिति समेत १७ रहेका छन् भने नैतिक समिति र गुप्तचर समिति दुई Select Committee को रूपमा र बृद्धबृद्धा समिति एक विषेश समितिको रूपम रहेको छ ।

यसैगरी तल्लो सदन (हाउस अफ रिप्रेजेन्टेटिभस्) मा पनि समितिलाई Standing Committee, Select or Special Committee / Joint Committee मा बर्गीकरण गरिएको छ । Standing Committee ले विधेयक सम्बन्धी मुद्दाहरू र आफ्नो कार्यक्षेत्रभित्रका सरकारी निकायहरूको कार्यक्रम र क्रियाकलापहरूको अनुगमन र जाँचबुझ गर्दछन् । Select / Special Committee हरूको गठन सदनले संकल्प पारित गरी गठन गर्दछ । यी समितिहरूको कार्य कुनै विषयको अध्ययन तथा अनुसन्धान तथा कुनै विधेयकमाथि छलफल गर्नु हो । Select Committee सामान्यतया विद्यमान Standing Committee का क्षेत्राधिकारमा नपरेका विषयहरूको सम्बन्धमा अध्ययन तथा जाँचबुझ गर्न गठन हुन्छन र कुनै अवस्थामा अन्य समितिको क्षेत्राधिकार भित्रको कुनै विषयमा अध्ययन पनि गर्न सक्छन् । Select Committee स्थायी र अस्थायी दुबै प्रकृतिका हुन्छन् र यी समिति स्थायी प्रकृतिका हुने भएमा Special Committee नै भन्ने गरिन्छ । यसै गरी Joint Committee हरू दुबै सदनका सदस्यहरूबाट गठन हुन्छन् र यी स्थायी प्रकृतिका हुन्छन् । यी समितिहरूले विधेयक सम्बन्धी कार्य गर्दैनन् र आन्तरिक कामकारवाही, व्यवस्थापन र सुव्यस्था सम्बन्धी कार्य र सो वारे अध्ययन गर्दछन् । उदाहरणको लागि छपाई सम्बन्धी संयुक्त समितिले सरकारी छापाखानाको कार्य र संघीय सरकारको छपाई प्रक्रियाबारे जाँच तथा अनुगमन गर्दछ । संयुक्त समितिका सभापति आलोपालो गरी दुबै सदनबाट हुने व्यवस्था छ । दुबै सदनको विधेयक सम्बन्धमा रहेको मत भिन्नता हटाउँन भने दुबै सदनका सदस्यहरू समावेश भएको अस्थायी Conference Committee गठन गरिन्छ । यो समितिले विधेयकमा रहेका दुबै सदनका मत भिन्नता समाधान गर्ने प्रस्ताव गरी जुन सदनले गठन गरेको हो सोही सदनमा पेश गर्दछन् । यसैगरी समितिको कार्य सम्पादनको लागि उपसमितिहरू र कुनै समितिको कार्य तल्लो सदनले नै गर्ने भएमा सदनको सो प्रयोजनको लागि बसेको बैठकलाई Committee of the Whole House भनिन्छ । बर्तमान समयमा संयुक्तराज्य अमेरिकाको तल्लो सदनमा २१ वटा स्थाई समिति र कैयौं उपसमितिहरू छन् । चारवटा स्थायी संयुक्त समिति छन् जसले दुबै सदनको आवश्यकता अनुसारको कार्य गर्दछन् । तल्लो सदनका २१ स्थायी समितिमध्ये कृषि, विनियोजन, सशस्त्र सेवा, बजेट, शिक्षा र कार्यशक्ति, उर्जा तथा बाणिज्य, नैतिकता, वित्तिय सेवा, बैदेशिक मामिला, आन्तरिक सुरक्षा, गृह प्रशासन, न्याय, प्राकृतिक श्रोत, अनुगमन र सरकार सुधार, नियम, विज्ञान अन्तरिक्ष र प्रविधि, लघु व्यापार, यातायात र पूर्वाधार, साधन र श्रोत, विशिष्ट मामिला र गुप्तचर सम्बन्धी समिति Select Committee (स्थायी) रहेका छन् । यसै गरी बेंघाजी आतंककारी हमला २०१२ अनुसन्धान समिति (अस्थायी) Select Committee को रूपमा रहेको छ । यसैगरी ४ संयुक्त समितिहरूमा आर्थिक, पुस्तकालय, छपाई र कर समिति रहेका छन् ।

## २. संयुक्त अधिराज्यको संसदीय समिति प्रणाली

संयुक्त अधिराज्य वेलायतमा तल्लो र माथिल्लो दुबै सदन (हाउस अफ कमन्स र हाउस अफ लर्डस्) मा Select Committee, Lagislative Committee र Joint Committee हरू रहेका छन् । यी समितिहरू स्थायी अर्थात सदनको कार्यकालभरी रहने र Ad hoc आफ्नो काम पूरा गरेपछि स्वतः विघटन हुने प्रकृतिका हुन्छन् । हाउस अफ कमन्सका Select Committee, हरूले सामान्यतः सरकारका मन्त्रालय, विभाग तथा निकायहरूको कामकावाहीको जाँचवुझ र अनुगमन गर्ने कार्य गर्दछन् भने हाउस अफ लर्डस्का Select Committee हरूले साझा विषयहरू हेर्दछन् । जस्तो लर्ड अन्तर्गतका संविधान समितिले संबैधानिक विषय र आर्थिक मामिला समितिले अर्थ व्यवस्था सम्बन्धी विषयहरू हेर्दछन् । यसैगरी युरोपियन युनियनको निर्देशिका सम्बन्धी मस्यौदाको पुनराबलोकनको लागि दुबैका आ– आफ्ना समिति छन् भने हाउस अफ लर्डस्मा युरोपियन युनियन समिति र हाउस अफ् कमन्समा युरोपियन सुरक्षा समिति छुट्टाछुट्टै रहेका छन् ।

हाल संयुक्त अधिराज्यको तल्लो सदनमा रहेका ३५ Select Committee मध्ये १४ विभागीय सेलेक्ट कमिटीहरू यस प्रकार छन् । व्यापार अन्वेषण र क्षमता समिति, समुदाय र स्थानीय निकाय समिति, संस्कृति, संचार र खेलकुद समिति, प्रतिरक्षा समिति, शिक्षा समिति, उर्जा र मौसम परिवर्तन समिति, वित्त र सेवा समिति, बैदेशिक मामिला समिति, स्वास्थ्य समिति, गृह मामिला सम्बन्धित समिति, न्याय समिति, विज्ञान तथा प्रविधि समिति, यातायात व्यवस्था समिति र श्रम तथा निवृतिभरणसम्बन्धी समिति ।

यसैगरी गैरविभागीय सेलेक्ट समितिहरूमाः पर्यावरण लेखापरिक्षण समिति, युरोपियन सुरक्षा समिति, अन्तर्राष्ट्रिय विकास समिति, उत्तरी आयरलैण्ड सम्बन्धी समिति, राजनीति र संविधान सुधार सम्बन्धी समिति, सार्वजनिक लेखा समिति, सार्वजनिक प्रशासन समिति (यसले निजामती सेवाको समग्र गुण, स्तर र मापदण्डको अनुगमन र लेखाजोखा गर्दछ ) स्कटिस् मामिला सम्बन्धी समिति, सर्वसंचित कोष समिति, वेल्सको मामिला सम्बन्धी समिति द्रुतगतिको रेलसेवा (लण्डन देखी वेस्टमिडल्याण्ड सम्म) सम्बन्धी विधेयक समिति, गुप्तचर र सुरक्षा सम्बन्धी समिति यसमा दुबै सदनका सदस्यहरू रहन्छन् र यसका सदस्यहरूको मनोनयन प्रधानमन्त्रीले गर्दछन् र यस समितिले यसको प्रतिबेदन प्रधानमन्त्रीलाई दिनु पर्दछ संसदलाई होइन ।

यसै गरी आन्तरिक व्यवस्थापन सम्बन्धी सेलेक्ट समितिमा प्रशासनिक समिति, समितिहरूको समन्वय समिति, संसद सदस्यको व्यय सम्बन्धी समिति, विशेषाधिकार समिति, प्रकृया र कार्यविधि सम्बन्धी समिति, व्याक बेञ्चर विजनेस कमिटी, मापदण्ड समिति (यसले संसदीय आयुक्तको कामकारवाहीको स्तरको जाँच गर्दछ), जाँचवुझ इकाई यसले सेलेक्ट कमिटीहरूको कार्य सम्पादनको जाँचवुझ गरी आवश्यक सहयोग पुर्याउँछ ।

**विधायन समितिहरू (Legislative Committees):**

ऐन कानून बनाउँने संसदको कार्यसँग सम्बन्धित यी समितिहरू संसदमा प्राप्त विधेयकहरू दफावार छलफलको लागि गठन हुन्छन् । सरकारी र गैर सरकारी विधेयक समितिहरू प्रत्येक विधेयकको सम्बन्धमा गठन हुन्छन् । यी समितिमा विधेयकमाथि विचार भएपछि विधेयकको विषयसँग

जोडेर विधेयकको नाम राखिन्छ जस्तो उर्जा सम्बन्धी विधेयक भए छलफलपछि उर्जा विधेयक भनेर नाम राखिन्छ । विधेयकमा दफावार छलफलका लागि गठित यी समितिहरूले आफ्नो कार्य सम्पादन केही मिनेट देखि केही महिनामा गर्न सक्छन् । यी समितिहरूमा प्राय सत्तापक्षका सदस्यको बहुमत हुने गर्दछ र १६ देखि ५० सम्म सदस्य रहन्छन् । यी समितिहरू तल्लो सदनले गठन गर्दछ र माथिल्लो सदनले यस प्रयोजनको लागि कमिटी अफ होल हाउस वा ग्राण्ड कमिटीको गठन गर्दछ जसमा सदनका सम्पूर्ण सदस्य हुन्छन् र अध्यक्षता सभाको अध्यक्षले नै गर्दछन् । यदि यस्तो बैठक सदनकै बैठक हलमा बस्यो भने यसलाई होल हाउस कमिटी र आफ्नो हलभन्दा अन्यत्र बैठक बसेका सन्दर्भमा ग्राण्ड कमिटी भनिन्छ । ग्राण्ड कमिटीको कामको प्रकृति र प्रक्रिया होल हाउस कमिटी सरह नै हो फरक के हो भने यसमा प्रस्तावको एकमतले पारित हुनु पर्दछ र कसैको विमति भएमा विधेयकमा संशोधन गरेर भए पनि एकमतले पारित गरिन्छ यसमा भोटिङको अबस्था आउँन दिनु हुँदैन भन्ने हो । होल हाउस कमिटीमा भने बहुमतले निर्णय हुन्छ । अरु सामान्य समितिहरूमा स्कटिस् ग्राण्ड कमिटी, वेल्स ग्राण्ड कमिटी नर्दर्न आयरलैण्ड ग्राण्ड कमिटी र अधिकार प्रत्यायोजित व्यवस्थापन सम्बन्धी समिति रहेका छन् ।

यसैगरी हाउस अफ लर्डस्मा २९ गैर विभागीय Select Committee हरू दिगो बालबालिका हेरचाह समिति, आर्कटिक समिति, संचार समिति, संविधान समिति, प्रत्यायोजित शक्ति र परिचालन सुधार समिति, डिजिटल स्कील समिति, आर्थिक मामिला समिति, EU सेलेक्ट समिति, सुपुर्दगी कानून समिति, विज्ञान तथा प्रविधि समिति, प्रत्यायोजन व्यवस्थापन जाँचबुझ समिति, गैर सरकारी विधेयक सम्बन्धी विषेश आदेश समिति छन् । यसैगरी अन्य आन्तरिक कामकारबाही सम्बन्धी Select Committee हरू मध्ये प्रशासन तथा कामकारबाही समिति, सदन समिति, हाइब्रिड इन्स्टुमेन्ट समिति, सूचना समिति (हाउस अफ लर्डस्मा सूचना तथा संचार सम्बन्धी), लायजन समिति, विषेशाधिकार र आचारण समिति, कार्यविधि समिति, रिफ्रेसमेन्ट समिति, छनौट समिति (सेलेक्सन समितिको छनौटको समयमा सबै समितिमा रहने सदस्यको नाम सिफारिश गर्ने) आदि छन् । यसैगरी दुबै सदनका सदस्यहरूबाट गठन हुने १० संयुक्त समितिहरू मध्ये बैंकिंग स्टेण्डर्डस् समिति, मानव अधिकार समिति, राष्ट्रिय सुरक्षा रणनीति समिति, संसदीय विषेशाधिकार समिति, कानूनी साधन समिति आदि रहेका छन् ।

## ३. भारतको संसदीय समिति प्रणाली

भारतको संसदमा लोकसभा र राज्यसभा क्रमशः (तल्लो र माथिल्लो) दुई सदन रहेका छन्। दुबै सदनमा सुव्यवस्थित कार्य सम्पादनको लागि समितिहरू रहेका छन् । भारतको समिति प्रणाली अध्ययन गर्दा समितिलाई सर्वप्रथम स्थायी र तदर्थ (Standing/Adhoc) गरी दुई भागमा वर्गिकरण गरेको पाइन्छ । Standing Committee स्थायी प्रकृतिका हुन्छन् भने Adhoc Committee अस्थायी प्रकृतिका हुन्छन् र आफ्नो कार्य समाप्त भइपछि स्वतः विघटित हुन्छन् । मुख्य स्थायी समितिहरूमा निम्न २४ वटा विभागीय विषयगत समितिहरू र अन्य गैर विभागीय वा वस्तुगत समितिहरू रहेका छन् । विभागीय समितिमा वाणिज्य समिति, घरेलु मामिला समिति, मानव श्रोत विकास समिति, उद्योग समिति, विज्ञान तथा प्रविधि, वन तथा वातावरण समिति, यातायात संस्कृति र पर्यटन समिति, स्वास्थ्य र

परिवार कल्याण समिति, कर्मचारी, सार्वजनिक गुनासो, न्याय तथा कानून समिति, (यी ८ समिति राज्य सभा अन्तर्गत रहेका) छन् ।

यसैगरी कृषि समिति, सूचना प्रविधि समिति, प्रतिरक्षा समिति, उर्जा समिति, बाह्य मामिला समिति, वित्त समिति, खाद्य, उपभोक्ता मामिला र सार्वजनिक वितरण समिति, श्रम तथा लोक कल्याण समिति, श्रम समिति, प्रेट्रोलियम प्राकृतिक ग्याँस समिति, रेल वे समिति, शहरी विकास समिति, जलस्रोत समिति, रसायन तथा रासायनिक मल समिति, ग्रामीण विकास समिति, कोइला तथा स्पात समिति र सामाजिक न्याय र वातावरण (यी १६ समिति लोकसभा अन्तर्गत) रहेका छन् । आफ्नो विषयसँग सम्बन्धित मन्त्रालय, विभाग र अन्तर्गतका कार्यालय तथा निकायहरूको कार्य सम्पादन, कार्य क्षेत्राधिकारको प्रयोगबारे जाँचबुझ, अध्ययन, अवलोकन र अनुगमन गरी निर्देशन दिने र त्यसको प्रतिवेदन सभामा पेश गर्दछन् ।

यी प्रत्येक समितिमा २१ जना सदस्य तल्लो सदनका र १० जना माथिल्लो सदनका रहन्छन् । पहिलो ८ समितिको सभापति माथिल्लो सदनका सदस्यबाट र बाँकी १६ समितिका सभापति तल्लो सभाका सदस्यबाट सम्बन्धित सदनबाट चयन हुन्छन् । पहिलो ८ समितिको सचिवालय माथिल्लो सदन अन्तर्गत र बाँकी १६ समितिको सचिवालय तल्लो सदन अन्तर्गत रहन्छ । मन्त्रीहरू यसमा सदस्य हुन पाउदैनन् । यी समितिको कार्यकाल १ बर्षको हुन्छ । यी समितिका कार्यहरूमा माग र वितरणमा विचार गर्नु, माथिल्लो सदनको अध्यक्ष र तल्लो सदनको सभामुख समक्ष प्राप्त विधेयक सम्बन्धमा आवश्यक परेमा जाँचबुझ गर्ने, बार्षिक प्रतिवेदनमा विचार गर्ने, सदनमा प्राप्त हुन आएका दीर्घकालीन नीतिहरूबारे माथिल्लो सदनको अध्यक्ष र तल्लो सदनको सभामुखले अध्ययनको लागि समितिमा पठाएमा सो माथि विचार गर्ने हो तर यी समितिहरूले सम्बन्धित मन्त्रालय विभागको दैनिक प्रशासन हेर्दैनन् ।

यसैगरी गैरविभागीय स्थायी समितिहरूमा अनुमान समिति, सार्वजनिक संस्थान समिति, सार्वजनिक लेखा समिति, प्रत्यायोजित विधायन समिति (लोकसभा), सरकारी आश्वासन समिति (लोकसभा) रहेका छन् ।

यसैगरी आन्तरिक कार्य व्यवस्थापनसँग सम्बन्धित स्थायी समितिहरूमा कार्यव्यवस्था समिति (लोकसभा), गैर सरकारी विधेयक तथा संकल्प समिति (लोकसभा), नियमावली समिति (लोकसभा), विशेषाधिकार समिति (लोकसभा), टेबुल गरिएका कागजात सम्बन्धी समिति (लोकसभा), निबेदन समिति (लोकसभा), सभामा अनुपस्थित हुने सदस्य सम्बन्धी समिति (लोकसभा) रहेका छन् ।

तदर्थ समितिहरू अस्थायी प्रकृतिका हुन्छन् । खास कामको लागि गठन हुने यी समितिहरू आफ्नो कार्य समाप्त भएपछि स्वतः विघटन हुन्छन् । प्रमुख तदर्थ समितिहरूमा विधेयकको लागि दफावार छलफल हुने Select Committee / Joint Committee हुन् । कुनै पनि सदनले प्राप्त विधेयक दफावार छलफलको लागि तत्कालै प्रत्येक विधेयकको लागि छुट्टा छुट्टै समिति वा संयुक्त समिति गठन गर्दछ । संयुक्त समिति गठन गरेमा समितिमा रहने अर्को सदनका सदस्य मनोनयन गरी पठाउँन सम्बन्धित सदनलाई लेखी पठाइन्छ । यसैगरी, रेलवे कन्भेन्सन कमिटी, पञ्चवर्षिय योजना मस्यौदा समिति विषेश तदर्थ समितिहरू हुन् । भने अन्य संयुक्त समितिमा लाभको पद सम्बन्धी, सेडुयल कास्ट

र ट्राइव कल्याण सम्बन्धी, महिला सशक्तिकरण आदि रहेका छन् । यसैगरी भारतको माथिल्लो सदन राज्यसभामा पनि यस्तै प्रकृतिका समितिहरू रहेका छन् ।

**४. गणतन्त्र फ्रान्सको संसदीय समिति प्रणाली**

गणतन्त्र फ्रान्सको संसदमा माथिल्लो सदन सिनेट र तल्लो सदन नेशनल एसेम्ब्ली समेतका दुई सदन रहेका छन् । तल्लो सदन National Assembly को कामकारबाही सम्पादनको लागि ८ वटा Standing Committee र आश्यकताअनुसार Ad hoc Committee को व्यवस्था गरिन्छ । Standing Committee तल्लो सदनका महत्वपूर्ण अंग भएकोले दुईवटा भूमिका निर्वाह गर्दछन् । पहिलो सदनमा विधायन सम्बन्धी छलफलको लागि तयारी गर्नु र दोस्रो सरकारी कार्यहरूको अनुगमन गर्नु र सो वारे सदनलाई अवगत गराउँनु हो । यी समितिहरूमाः साँस्कृतिक र शैक्षिक समिति, आर्थिक मामिला सम्बन्धी समिति, बैदेशिक मामिला सम्बन्धी समिति, सामाजिक मामिला सम्बन्धी समिति, राष्ट्रिय सुरक्षा र सशस्त्र वल सम्बन्धी समिति, दिगो विकास, समग्र र क्षेत्रीय योजना सम्बन्धी समिति, वित्त, सामान्य अर्थ व्यवस्था र बजेट अनुगमन समिति, संबैधानिक कानून, विधायन र सामान्य प्रशासन समिति, संसदको प्रत्येक बर्षको पहिलो बैठकमा राजनैतिक दलको समानुपातिक प्रतिनिधित्वको आधारमा सदस्य रहने गरी सदनले समितिहरूको गठन गर्दछ । तत्पश्चात प्रत्येक समितिले समिति सञ्चालनको लागि एउटा व्यूरोको स्थापना गर्दछ । व्यूरोमा सभापति चार उपसभापति र चार सेक्रेटरी रहन्छन् ।

Standing Committee निकै शक्तिशाली र क्रियाशील हुन्छन् । यिनीहरूले बजेटमाथिको छलफल, संसदीय सुनुवाई र विधायन सम्बन्धी प्रतिवेदन पेश गर्दछन् । Standing Committee को अलावा Ad hoc Committee पनि गठन हुन्छन् यी समितिहरूले विधायन सम्बन्धी कार्य यदाकदा मात्र गर्दछन् भने अधिकतम तोकिएको विषेश कार्यहरू गर्दछन् ।

**५.नेपालमा संसदीय समिति प्रणाली**

नेपालमा संसदीय कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी तुल्याउँन नेपालको संविधानको भाग ८ को धारा ९७ अनुसार संघीय संसदको प्रतिनिधिसभा नियमावली, २०७५ बमोजिम र राष्ट्रियसभा नियमावली २०७५ अनुसार देहाय बमोजिमका संसदीय समितिहरू रहने व्यवस्था छ ।

- प्रतिनिधिसभा नियमावली, २०७५ नियम १७० बमोजिम दशवटा विषयगत समितिमा अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानून न्याय तथा मानव अधिकार समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक समिति, राज्य व्यवस्था तथा सुशासन समिति, विकाश तथा प्रविधि समिति, शिक्षा तथा स्वास्थ्य समिति र सार्वजनिक लेखा समिति रहेका छन् । यसै गरी कार्य व्यवस्था परामर्श समिति आबश्यकता अनुसार विशेष समिति, विशेषाधिकार समिति, नियमावली संशोधन मस्यौदा समिति गठन हुन सक्ने प्रावधान रहेका छन् ।
- राष्ट्रियसभा नियमावली २०७५ को नियम १४७ अनुसार, ४ विषयगत समितिहरूमा दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति, प्रत्यायोजित व्यवस्थापन तथा

सरकारी आश्वासन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समिति रहेका छन् । यसै गरी कार्य व्यवस्था परामर्श समिति आबश्यकता अनुसार विशेष समिति, विशेषाधिकार समिति, नियमावली संशोधन मस्यौदा समिति गठन हुन सक्ने प्रावधान रहेका छन् ।

- यस वाहेक संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली २०७५ अनुसार संसदीय सुनुवाई समिति, राज्य निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति, आबश्यकतानुसार अन्य संयुक्त समिति र नियमावली संशोधन मस्यौदा समिति गठन हुन सक्ने प्रावधान रहेका छन् । सार्वजनिक लेखा समितिबाहेक सबै विभागीय विषयगत समितिलाई नियमले तोकिदिएको विभाग अन्तर्गतको विधायन सम्बन्धी कार्य गर्ने अधिकार प्रदान गरेको छ ।

**६. प्रदेश सभामा समिति प्रणाली**

संसदीय प्रणालीमा समिति गठनको उदेश्य, क्षेत्राधिकार, कामकारवाही र कार्यविधिगत ढाँचा चाहे त्यो वाह्य मुलुक होस् वा नेपालको संघीय वा प्रदेशसभाको सन्दर्भमा होस् समान हुन्छ । फरक के मात्र हो भने भौगोलिक, सामाजिक, आर्थिक अबस्थाको सान्दर्भिक भिन्नताको आधारमा समितिका सदस्यहरूको संख्या, फरक खालका नाम र क्षेत्राधिकारमा विविधता हुन सक्छ । कर्णाली प्रदेशसभामा रहेका ४ वटा विषयगत समितिहरूमा अर्थ तथा प्राकृतिक स्रोत, सार्वजनिक लेखा, सामाजिक विकास र बिधायन तथा प्रदेश मामिला समिति रहेका छन् यिनीहरूले विधायिकी र सरकारको निगरानी गर्ने दुबै काम गरिरहेका छन् । एक कार्य व्यवस्था परामर्श समिति रहेको छ जसले सभा व्यवस्थापनको काम गरिरहेको छ । यसको अतिरिक्त नियमाबली संशोधन समिति, विशेषाधिकार हनन सम्बन्धमा छानविन गर्न गठित विशेष समिति र आबश्यकता अनुसार अन्य विशेष समिति गठन गर्न सकिने प्रावधान कर्णाली प्रदेशसभा नियमावलीमा व्यवस्था गरिएको छ । विषयगत समितिहरूले आ– आफ्ना बार्षिक प्रतिबेदन सभामा पेश गरिसकेका छन् ।

**नेपालमा संसदीय समितिको प्रभावकारिता**

नेपालमा संसदीय समितिको इतिहास त्यति लामो नभए पनि विभिन्न कालखण्डमा भएका समिति प्रणालीको प्रभावकारिताबारे केही चर्चा गरौं ।

- विधेयकहरूको दफावार छलफल प्राय सम्बन्धित समितिमा हुने गरेको छ र बिधेयकमा परेका संशोधन प्रस्तावहरूको सम्बन्धमा समितिमा व्यापक र गहन छलफल हुने ग रेको छ । आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कानूनबेत्ता र सरोकारवालाका प्रतिनिधिहरूलाई समेत राखी निष्कर्षमा पुग्ने प्रणालीको विकास भएको छ ।
- सरकार र सरकारी निकायले गरेको कामकारवाहीको अनुगमन र मूल्याङ्कन समितिहरू मार्फत् हुने गरेको छ । यसरी गरिने नियमित, आबधिक र छड्के अनुगमनबाट सम्बन्धित निकायलाई सजग, सचेत र प्रभावकारी कार्यसम्पादन उन्मूख तुल्याएको पाइन्छ । मिसावट, कालोबजारी, गुणस्तर तथा नापतौल, सार्वजनिक सेवाको अनुचित वितरण र अनियमितता जस्ता कुरामा समिति मार्फत् व्यापक अनुगमन कार्य भएका र भइरहेका छन् ।

- सरकारी आश्वासन पूरा भए नभएकोबारे निगरानी, छलफल र मूल्याङ्कन भइरहेका छन् । भूकम्प, बाढी पहिरोबाट पीडितहरूको गास, वास र कपासका समस्या समाधान र जनहित र सरोकारका विषयमा सरकारले संसदमा दिएका आश्वासन सम्बन्धमा सम्बन्धित समितिहरूले छलफल, मूल्याङ्कन र निर्देशन गरिरहेका छन् ।
- राजस्व र व्यय तथा सार्वजनिक लेखाको जाँच नियमितरूपमा हुने गरेका छन् जस्तै एनसेल जस्ता कम्पनीहरूले राजस्व नतिर्ने प्रबृत्ति विरुद्ध संसदीय समितिहरूको भूमिका महत्वपूर्ण रहेको छ ।
- संवैधानिक निकायहरूका वार्षिक प्रतिवेदनको अध्ययन एवं मूल्याङ्कन गरी ती निकायहरूको कामकारबाही र प्रभावकारिता बारे छलफल गरी उचित निष्कर्ष सहितको राय सल्लाह तथा सुझव सम्बन्धित निकायलाई दिने र यी विषय आफ्नो प्रतिबेदन समाबेश गरी सभा समक्ष पेश गर्ने गरिएको छ ।

उपरोक्त विषयहरूका अतिरिक्त समसामयिक विषय एवं घटनाको अध्ययन तथा छलफल गरी सदनमा प्रतिबेदन पेश हुँदै आइरहेका छन् । जस्तै निर्वाचन धाँधली भएको भन्ने सम्बन्धमा, भूकम्पबाट भएको धनजनको क्षति सम्बन्धमा, विश्व विद्यालयहरूको प्राज्ञिक स्वतन्त्रतामा हस्तक्षेप भएको भन्ने सम्बन्धमा संसदीय समतिहरूले सक्रियरूपमा भूमिका निर्वाह गरेका छन् ।

**समिति प्रणालीमा देखिएका कमजोरीहरू**

नेपालमा संसदीय समितिले माथि उल्लेखित कामकारबाही २०१५ साल देखि नै गर्दै आएको भएता पनि समिति प्रणालीको पूर्ण विकास र प्रभावकारिता हासिल हुन सकेको छैन । संसदीय अभ्यासमा पटकपटक अवरोध, सचिवालयको जनशक्तिको बौद्धिक विकास र प्रशिक्षणमा उचित ध्यान नपुगेको, समितिको कामकारवाही, क्षेत्राधिकारको बाँडफाँटको बैज्ञानिक र वस्तुपरक कानूनी व्यवस्थाको अभाव, समितिले कार्यक्षेत्राधिकार आफु खुशी निर्धारण र प्रयोग गर्ने संस्कारको विकास, समितिको ठूलो आकार, क्षेत्राधिकारमा अतिक्रमण र एकै विषयमा सरकारी निकायलाई दोहोरो निर्देशन जान सक्ने विविध समस्याहरूले संसदीय समितिहरूले अपेक्षाकृत प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको अबस्था छ । केहि प्रमुख समस्याहरू यसप्रकार छन् ।

- संसदीय प्रणालीमा ठूलो दल वा दलीय गठबन्धनको आधारमा बहुमतको सरकार हुन्छ । सिद्धान्ततः संसदले सरकारलाई नियन्त्रण गर्ने भनिन्छ तापनि सांसदहरूलाई पार्टी व्हीपको बन्धन हुने हुँदा उनीहरू अप्रत्यक्षरूपमा संसद सदस्यको हैसियमा भन्दा दलीय प्रतिनिधिको रूपमा भूमिका निर्वाह गरिरहेका हुन्छन् । सत्तारुढ दलको होस् वा गठबन्धनको बहुमतीय सरकारको तुलनामा समितिमा दलको सदस्यको हैसियत सांसदले खेल्ने भूमिका कमजोर हुन्छ । यो अबस्थामा समितिको निर्देशन कति प्रभावकारी होला ?
- समिति प्रणालीको सैद्धान्तिक तथा व्यावहारिक ज्ञानको अभाव अर्को समस्या हो । बस्तुगत तथा विषयगत समितिहरूको स्पष्ट परिभाषा र क्षेत्राधार निर्धारिण नभएको र समितिको क्षेत्राधिकार नियमावलीले सबै समितिलाई भागबण्डाको आधारमा वितरण गरेको अबस्थामा

समितिवीच क्षेत्राधिकारको किचलो र सम्बन्धित निकायलाई दोहरो निर्देशन जाने जस्ता समस्या आइरहेका छन् । उदाहरणको लागि सार्वजनिक लेखा समितिको क्षेत्राधिकारको विश्वव्यापि मान्यता विनियोजन ऐनले खर्च गर्न अख्तियार गरेको सरकारी रकमको दुरूपयोग, अनियमितता, बेरुजुको छानविन र महालेखा परिक्षकको वार्षिक प्रतिबेदन हुन् तर जलविद्युत आयोजनाले गर्दै गरेका कामकारबाही, पाँचतारे होटलमा संचालित क्यासिनो र नगरपालिकाद्वारा निर्माणधिन हेडबेव्रीज जस्ता विषय सार्वजनिक लेखा समितिको क्षेत्राधिकारको रूपमा सान्दर्भिक हुन सक्तैनन् । तसर्थ यो बस्तुगत तथा विषयगत समितिहरूको स्पष्ट परिभाषा र क्षेत्राधार निर्धारण नभएको अबस्था हो ।

- राजनैतिक इच्छाशक्ति र चासोको अभाव पनि अर्को महत्वपूर्ण समस्या हो । समितिका सदस्यहरूले समितमा छलफलको लागि जल्दावल्दा विषयहरू एजेण्डामा ल्याउन नसक्नु, वारम्बार बैठकमा अनुपस्थित भई कोरम नपुग्ने समस्या प्राय रहनु । निर्णय तथा प्रतिबेदन लेखनमा सचिवालयको भर पर्ने प्रबृत्तिले समितिलाई प्रभावकारी भन्न सक्ने अवस्था छैन ।
- संसदीय प्रणालीमा संसद सदस्यहरू सरकारमा जाने र फर्किने अबस्था चलिरहन्छ । जव संसद सदस्यहरू समितिमा रहन्छन् त्यस बखत समितिको निर्देशन सरकारले कार्यान्वियन गर्नै पर्ने र नगरेको गुनासो गर्छन् । जब आफू मंत्री बन्दछन् समितिको निर्देशन कार्यान्वयमा उदासिन देखाउने प्रबृत्ति नयाँ होइन ।
- जनप्रतिनिधिको रूपमा रहेका संसद सदस्यहरू सबै विषयका विज्ञ नहुन सक्छन् । यस अबस्थामा विषय विज्ञताको अभाव पूर्तिको लागि सरकारी वा अन्य निकायको भर पर्ने अबस्था भएकोले प्रक्रिया लामो खर्चिलो र उचित परिणाम प्राप्त नहुन सक्छ ।
- समितिले सरकार वा सम्बन्धित निकायलाई दिने निर्देशन बाध्यात्मक वा अनुशरनात्मक के हुन् भन्नेमा अहिलेसम्म मतैक्यता छैन । व्यबहारमा सरकारले अनुशरनात्मकरुमा लिने गरेको भन्न सकिन्छ । समितिले सरकार वा कुनै निकायको निर्देशन कार्यान्वियन गर्ने हैसियत छ छैन भन्ने एकिन नगरेर पनि समिति निर्देशन जाने गरेको अबस्था छ भने कतिपय स्रोत साधनको अभावको कारण कार्यान्वियन हुन नसकेको भन्ने अबस्था पनि रहेको छ ।

**निष्कर्षः**

हाम्रो समिति प्रणालीमा सबै कुरा चुस्तदुरुस्त छन् भन्ने अबस्था नभए पनि समिति प्रणालीको भूमिका नै छैन भन्न सकिन्न । सरकारका काम कारवाही र कमजोरीलाई औंल्याउने, निगरानी राख्ने, सल्लाह सुझाव तथा निर्देशन दिने काममा सबै समितिहरू निरन्तर र सक्रियरूपमा लागिपरेका छन् । यदाकदा समितिहरूका कामकारवाही र निर्देशन प्रभावकारी र परिणाममुखी नभएको टिप्पणी पनि हुने गरेका छन् । समितिका निर्देशन परिणाममुखी हुने नहुने सरकारको क्षमता, स्रोतसाधन प्रतिबद्धता र सबै निकायबीचको प्रभावकारी समन्वय र लोकतान्त्रिक आचारणमा भर पर्दछ । यस अर्थमा सरकारको सक्रियतासंगै समग्र राज्य प्रणालीमा सन्तुलन र समन्वयको अबस्थामा समितिका कामकाम

कारवाही र निर्देशन परिणाममुखी र प्रभावकारी हुन सक्ने देखिन्छ । यसको साथै संसदीय समितिहरू पनि स्वयं बढी जिम्मेवार हुनु पर्दछ ।

**सन्दर्भ सामग्रीः**


१. नेपालको संविधान

२. नेपालको अन्तरिम संविधान, २०६३

३. प्रतिनिधि सभा नियमावली, २०७५

४. राष्ट्रियसभा नियमावली, २०७५

५. संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५

६. कर्णाली प्रदेश सभा नियमावली, २०७४

७. सम्बन्धित देशहरूका संसदका वेबसाइटहरू